**Interdisciplinary Research in Education**
**Volume 10, Issue 2, 2025: 65-77**
**DOI: https://doi.org/10.3126/ire.v10i2.88095**

# विषयवस्तुगत आयामका दृष्टिले विद्यालय तहका नेपाली भाषा पाठ्यक्रम

**दिनेश घिमिरे, पिएचडी**
शिक्षाशास्त्र केन्द्रीय विभाग, नेपाली शिक्षा, त्रि.वि., कीर्तिपुर
**ORCID:** https://orcid.org/0009-0004-6484-7195
**Email:** dinesghimire1@gmail=com,

**शब्दकुञ्जी**

*एकल पथीय, प्रकृतिपरक, प्राविधिक, भाषिक सिप, मानवमूल्य*

**लेखसार**

*भाषा पाठ्यक्रमा भाषिक सिप विकास तथा विषयवस्तुको बोध तथा आस्वादनका लागि विविध क्षेत्रबाट विषयवस्तुहरू उपयोग गर्ने गरिन्छ। एउटै कक्षा तथा तल्ला माथिल्ला कक्षाका विषयवस्तुबिच क्रम अनि विविधता आवश्यक हुन्छ । यसै पृष्ठभूमिमा यो लेख विद्यालय तह (कक्षा ४-१२) का नेपाली भाषा पाठ्यक्रममा उपयोग गरिएका विषयवस्तुहरू र तिनको सन्तुलन पहिल्याउने उद्देश्यमा केन्द्रित गरिएको छ । यसमा गुणात्मक ढाँचामा आधारित रहेर प्रलेख विश्लेषण तालिका निर्माण गरी तथ्य सङ्कलन, विषयगत उपशीर्षक निर्माणपछि वर्णनात्मक तबरबाट व्याख्या विश्लेषण गरी निष्कर्षमा पुगिएको छ । यस अध्ययनबाट विद्यालय तह (कक्षा ४-१२) का नेपाली भाषा पाठ्यक्रममा विषयवस्तुगत पर्याप्तता र विविधता रहेको, तल्ला र माथिल्ला कक्षाका विधागत पाठहरूमा विषयवस्तुका दृष्टिले उत्तरोत्तर विकास हुँदै गएको निष्कर्ष प्राप्त भएको छ । सामाजिक, श्रम संस्कृति, प्रयोजनपरक विषयवस्तु आदि पर्याप्त रहनु सबल पक्ष अनि प्रकृति, श्रम र संस्कृति जस्ता विषयवस्तुहरू सन्तुलित रहनु सामान्य पक्ष रहेको निचोडमा पुगिएको छ । देशभक्ति, नीतिपरक, लोक साहित्य, व्यवहारिक लेखन विषयवस्तुको न्यूनता रहनु चाहिँ यस तहका पाठ्यक्रमका कमजोर पक्ष पहिचान भएको छ । पाठ्यक्रममध्ये तल्ला कक्षामा मनोरञ्जनात्मक विषयवस्तुहरू थप गर्नुपर्ने साथै जीवनी, नियात्रा, संस्मरण तथा रूपक विधाका विषयवस्तुमा अझ विशिष्टता वा थप स्पष्टता आवश्यक देखिएको छ ।*

## विषय प्रवेश

भाषा पाठ्यक्रमा विविधतामय विषयवस्तु आवश्यक हुन्छ । यसमा कार्यक्रमका बारेमा योजना, कार्यान्वयन, व्यवस्थापन, प्रशासन र मूल्याङ्कन आदिका साथै विषयवस्तुको छनोट र स्तरण समेत गरिएको हुन्छ (म्यकलरेन र मेड्रिड, सन् २००४) । पाठ्यक्रममा यसका उद्देश्य, विषयवस्तुको क्षेत्र र क्रम, शिक्षण सिकाइ प्रक्रिया, मूल्याङ्कन प्रक्रिया जस्ता मुख्य स्तम्भहरू रहन्छन् । भाषा पाठ्यक्रमको मुख्य उद्देश्य विद्यार्थीमा भाषाका सुनाइ, बोलाइ, पढाइ, लेखाइ जस्ता भाषिक सिप तथा साहित्यिक आस्वादन गराउनु हो (घिमिरे, २०८१) । भाषा पाठ्यक्रम भाषिक सिप विकासका साथै विषयवस्तुको बोध र अभिव्यक्ति पक्षमा केन्द्रित रहन्छ । भाषा पाठ्यक्रमले भाषिक सिप विकासलाई विशेष महत्त्व दिन्छ अनि विषयवस्तुजन्य ज्ञानलाई साधनका रूपमा लिन्छ (गिरी, सन् २०१४) । तसर्थ, विविधतायुक्त विषयवस्तु भाषा पाठ्यक्रमका लागि अपेक्षित रहन्छ ।

भाषा पाठ्यक्रममा समाज, संस्कृति, साहित्य, दर्शन, जनजीवन, व्यवहार, मूल्यमान्यता, नैतिक चरित्र, मानवमूल्य लगायतका विभिन्न विषय क्षेत्रसँग सम्बन्धित प्रयोजनपरक विषयवस्तुहरू समावेश गरिएको हुन्छ । यसका साथै भाषा पाठ्यक्रममा भाषाका वर्ण, रूप, व्याकरण, शब्दभण्डार आदिसम्बद्ध विषयवस्तुका साथसाथै बोध, अभिव्यक्ति, व्यावहारिक लेखन, सिर्जनात्मक तथा परियोजनात्मक लेखन आदि विविध क्षमता विकासका लागि उपयुक्त विषयवस्तुहरू समावेश गरिएका हुन्छन् । पाठ्यक्रमका विभिन्न स्तम्भमध्ये विषयवस्तुले बालबालिकामा ज्ञानको विकास, समाज संस्कृतिको बोध, मानवीय भावना, मनोविज्ञान, चिन्तनशैली, विचार निर्माण आदिमा प्रत्यक्ष प्रभाव पार्न सक्छ । विद्यार्थीको सत्चरित्र निर्माणमा यस्ता विषयवस्तुको महत्त्वपूर्ण भूमिका रहन्छ ।

नेपालमा विद्यालय तहको पाठ्यक्रम निर्माणको जिम्मेवारी पाठ्यक्रम विकास केन्द्रले बहन गर्दै आइरहेको छ । सम्बन्धित विषय समिति र पाठ्यक्रम विकास केन्द्रका विशेषज्ञहरूबाट पाठ्यक्रमहरू निर्माण हुँदै आएका छन् । विद्यालय तहका वर्तमान नेपाली भाषा पाठ्यक्रम पनि यसैअनुरूप निर्माण भएका हुन् । हाल विद्यालय तह कक्षा १-३ मा एकीकृत पाठ्यक्रम लागु गरिएको छ भने कक्षा ४-१२ मा एकलपथीय पाठ्यक्रम प्रचलनमा रहेको छ । यस अध्ययनमा कक्षा ४-१२ का नेपाली भाषा पाठ्यक्रमका विषयवस्तुहरूको क्षेत्र, तिनको सन्तुलन, कक्षा तथा तहगत रूपमा पूर्वापर क्रमसम्बन्ध आदि पहिल्याउने उद्देश्य राखिएको छ । यसमा विद्यालय तहका नेपाली भाषा पाठ्यक्रममा के कस्ता विषयवस्तुहरू समावेश भएका छन्, तिनको सन्तुलन तथा पर्याप्तता वा अपर्याप्तता के छ, समावेश गरिएका विषय क्षेत्रहरू तह र कक्षागत रूपमा के कसरी वितरित छन् भन्ने जस्ता पक्षहरू अनुसन्धेय मानिएको छ । भाषा शिक्षण सिकाइमा संलग्न शिक्षक, विद्यार्थी, विषय विज्ञ, अनुसन्धाता, पाठ्यक्रमविद आदिका साथै भावी पाठ्यक्रम निर्माणमा समेत यथेष्ठ सहयोग पुर्याउन सक्ने भएकाले लेख औचित्यपूर्ण रहेको महसुस गरिएको छ ।

### भाषा पाठ्यक्रममा विषयवस्तु

भाषा पाठ्यक्रमको विषयवस्तुमा क्षेत्रगत विविधताका साथै विद्यार्थीका रूचि, जीवन भोगाइ, समाज, संस्कृति आदि विविधतामय विषयवस्तु रहन्छन् । म्यकलरेन र मेड्रिड (सन् २००४) मा पाठ्यांशले शिक्षणीय विषयवस्तुको वर्णनलाई जनाउने कुरा उल्लेख गरिएको छ । यस भनाइका आधारमा पाठ्यक्रमको मुख्य अङ्ग वा आधार नै विषयवस्तुलाई मान्न सकिन्छ । पाठ्यक्रममा विषयवस्तुहरूको निर्धारण पाठ्यक्रमीय उद्देश्यहरूको आधारमा गरिन्छ । भाषा पाठ्यक्रममा विविध क्षेत्र र स्रोतबाट विषयवस्तु

लिइएको हुन्छ (घिमिरे, २०७६)। भाषा पाठ्यक्रममा विद्यार्थीका रुचि र आवश्यकता, धार्मिक र सामाजिक र सद्भाव, राष्ट्रिय तथा अन्तराष्ट्रिय परिवेश, दैनिक जीवन, प्रेरक प्रसङ्ग, सकारात्मक सोच विकास, स्वाध्ययन, समसामयिक, वैचारिक विषयवस्तुहरूमा जोड दिनुपर्ने हुन्छ। त्यस्तै घिमिरे (२०८१) का अनुसार भाषा पाठ्यक्रममा धार्मिक सहिष्णुता, सांस्कृतिक सद्भाव, सामाजिक र जातीय सम्मान जगाउने खालका विषयवस्तुहरू समावेश गरिनुपर्छ। श्रमप्रति आस्था र स्वावलम्बनको भाव जगाउने अनि विद्यार्थीको रुचि र चाहनाअनुरूपका विषयवस्तुहरू समेटिएको हुनुपर्छ।

पाठ्यक्रम निर्माणमा पाठ्यवस्तुको छनोट र स्तरणको अहम् भूमिका रहन्छ । यस कुरालाई आत्मसात गरेर उद्देश्यअनुरूपका विषयवस्तुहरू पाठ्यवस्तु स्तम्भमा राखिएको हुन्छ (गिरी, सन् २०१४) । पाठ्यक्रममा विषयवस्तुलाई सन्तुलित एवम् सुसङ्गठित ढङ्गले प्रस्तुत गरिनुपर्छ (शर्मा र पौडेल, २०६०)। विषयवस्तु छनोट गर्दा विद्यार्थीको पूर्वज्ञान, स्थानीय आवश्यकता अनि व्यावहारिक पक्षलाई ख्याल गर्नुपर्छ (गिरी, सन् २०१४) । त्यस्तै खनिया (सन् २०२३) का अनुसार स्नातक तहको नेपाली भाषा पाठ्यक्रममा अक्षरीकरण र वर्णविन्यास, शब्दभण्डार, वाक्यतत्त्वपरक रचना, सूचनाको रूपान्तरण र अनुच्छेद लेखन, सङ्कथन र पाठ संरचना, पठनबोध, बुँदाटिपोट र सङ्क्षेपीकरण, व्यावहारिक लेखन, निबन्ध लेखन, प्रतिवेदन लेखन, साहित्यिक कृतिको आस्वादन गरी ११ किसिमका पाठ्यविषयहरू छनोट गरिएका छन् । यस आधारमा भाषा पाठ्यक्रममा विविध क्षेत्रका विषयवस्तुहरूको उपयोग गरिएको हुन्छ भन्ने देखिन्छ।

भाषा पाठ्यक्रममा विषयवस्तुलाई भाषिक सिप विकास र विषयवस्तुको बोध तथा आस्वादन क्षमता विकासका लागि उपयोग गरिन्छ। ली र जिउल्कोत्स्की (सन् २०२२) का मतमा कक्षाकोठाको सामाजिक संवेगात्मक सिकाइ (Social Emotional Learning, SEL) का लागि शिक्षकको सहयोग महत्त्वपूर्ण रहन्छ। म्याकालाइजर र नेसन (२०२०) मा भाषा पाठ्यक्रम ढाँचा निर्माणका सन्दर्भमा भाषा पाठ्यक्रममा भाषातत्त्व, विचार, सिप र पाठ्यक्रमका लक्ष्य हासिल गर्ने रणनीतिहरू समावेश गरिने उल्लेख छ । यसमा भाषा पाठ्यक्रम निर्माणमा शीर्षक वा थिमको अहम् भूमिका रहने उल्लेख छ । तिमल्सेना (२०८०) द्वारा आधारभूत तहका नेपाली पाठ्यक्रमहरूमा नीति, लोक, शिक्षा, घरव्यवहार, खेलकुद, समाज, कृषि, पुराण, इतिहास, प्रकृति, बालमनोविज्ञान, देशप्रेम, सञ्चार, कलासंस्कृति, स्वास्थ्य, पर्यावरण आदिबाट विषयवस्तुहरू निर्धारण गरिएको अनि कथा र कविता विधाका पाठहरू बढी मात्रामा समावेश गरिएको निष्कर्ष निकालिएको छ। बहुल विषयक्षेत्रका पाठ्यसामग्रीहरू उपलब्ध भएमा विद्यार्थीमा एकाङ्गीपन र विरसिलोपन कम हुने र उनीहरूको रुचिमा विविधीकरण हुने धारणा उक्त सामग्रीमा पाइन्छ।

बर्गोस (सन् २०२५) मा पाठ्यक्रम ढाँचाको एक प्रकारका रूपमा विषयवस्तु र भाषा एकीकृत पाठ्यक्रमलाई लिइएको छ । यसमा खास गरी दोस्रो भाषा सिकाइका सन्दर्भमा विभिन्न विषयक्षेत्रका विषयवस्तुहरूको उपयोग गर्नु भाषिक सिप विकासका दृष्टिले प्रभावकारी हुने उल्लेख गरेका छन्। विषयवस्तु केन्द्रित शिक्षणका सन्दर्भमा विषयवस्तुमा आधारित भाषा शिक्षण, विषयवस्तु र भाषाको एकीकृत सिकाइ जस्ता शैक्षणिक अवधारणाहरू प्रचलनमा रहको देखिन्छ। विषयवस्तु र भाषाको एकीकृत सिकाइका सन्दर्भमा कोली (सन् २०१०) ले $C फ्रेमवर्क का रूपमा CLIL पद्धतिको चर्चा गरेका छन् (पामुफास र अन्य, सन् २०२५ बाट उद्धृत) । जसमा विषयवस्तुलाई शैक्षिक सामग्री (ContentM academic materils),

सञ्चारलाई भाषिक सक्षमता (Communication: Language competence), बोधतत्त्वलाई उच्च तहको चिन्तन प्रक्रिया (Cognition: Higher Level of thinking process) र संस्कारलाई अन्तरसांस्कृतिक सचेतना र विश्व सन्दर्भ (Culture: Intercultural awareness and global context) का रूपमा अर्थ्याउन सकिन्छ भन्ने अभिव्यक्ति दिएका छन् । यस धारणाले भाषा पाठ्यक्रमको प्रमुख तत्त्वका रूपमा विषयवस्तुलाई स्वीकारेको अनि विषयवस्तु नै भाषिक सक्षमताको आधार रहेको तथ्य उजागर गरेको छ ।

उक्त अवधारणाहरू भाषा र विषयवस्तुको एकीकृत शिक्षणमा जोड दिने खालका छन् । जसको अभिप्राय भाषा शिक्षणमा विषयवस्तुलाई भाषिक सिप सिकाइको माध्यमका रूपमा उपयोग गर्नुपर्छ भन्ने हो । वर्तमानमा यस्ता एकीकृत धारणाहरू भाषा सिकाइका लागि प्रभावकारी बन्दै गएको देखिन्छ । तसर्थ, परम्परागत विषयवस्तुको भार युक्त पाठ्यक्रमका सट्टा भाषिक सिप विकासलाई प्रभावकारी बनाउने खालका विषयवस्तुहरूमा जोड दिनुपर्ने आशय यस सामग्रीमा पाइन्छ । सक्षम सिकारुका लागि (क) विषयवस्तुको गहन ज्ञान (ख) अवधारणात्मक बुझाइ र (ग) आलोचनात्मक चिन्तन सिप आवश्यक हुन्छ (बेकट र गोन्जालेज, सन् २००४) । यसमा विषयवस्तु केन्द्रित पाठ्यक्रमले विद्यार्थीलाई विविध क्षेत्रका विषयवस्तुबारे पर्याप्त जानकारी प्रदान गर्छ । उनीहरूले पर्याप्त ज्ञान हासिल गर्नुका साथै आधिकारिक विषयवस्तुका साथै सन्दर्भको समेत बोध गर्न सक्छन् । सामाजिक मूल्य बोध गर्न पाउँछन् ।

यसअघि प्रस्तुत अवधारणाहरूलाई आत्मसात गर्दै यस लेखमा भाषा पाठ्यक्रममा विषयवस्तुसम्बन्धी बर्नार्ड ए. मोहनको 'भाषा र विषयवस्तु' (बिलनगबनभ बलम ऋयलतभलत) सिद्धान्त (सन् १९८६) लाई आधार मानिएको छ । यस सिद्धान्तअनुसार भाषा सिकाइका लागि विषयवस्तुको अति महत्त्वपूर्ण भूमिका रहन्छ । यो भाषा र विषयवस्तुको एकीकृत शिक्षणमा आधारित अवधारणा हो । यसले सबल विषयवस्तु भएमा मात्र भाषा सिकाइ प्रभावकारी हुने कुरामा विश्वास राख्छ । यस्तो पाठ्यक्रम विषयवस्तु केन्द्रित हुन्छ अनि मुख्यतः साहित्य र संस्कृतिमा आधारित रहन्छ । यस्तो पाठ्यक्रमले कक्षाकोठामा विषयवस्तुको ससन्दर्भ सञ्चारमा जोड दिन्छ । विषयवस्तु केन्द्रित शिक्षणले विद्यार्थीमा भाषिक ग्रहणका सम्भावित अधिकतम क्षमता हासिल हासिल गराउँछ । यस्तो पाठ्यक्रममा वास्तविक जीवनसम्बद्ध अनुभवहरूमा जोड दिइन्छ । भाषा र विषयवस्तु सिद्धान्तले शिक्षकलाई कसरी भाषा र विषयवस्तु एकीकरण गर्ने भन्ने स्पष्ट आधार प्रदान गर्दछ । यस सिद्धान्तको मुख्य बुझाइ चाहिँ 'कार्यकलाप भनेको कार्य र सैद्धान्तिक बुझाइको सम्मिश्रण हो' (An activity is a combinition of action and theoritical understanding) भन्ने हो । सैद्धान्तिक ज्ञान सबल हुनु अनि सिकाइ चाहिँ प्रयोगात्मक ज्ञानमा आधारित भएमा मात्र भाषिक सिप विकास सबल हुन सक्छ भन्नु नै यस सिद्धान्तको अभिप्राय हो । भाषा र विषयवस्तु सिद्धान्तले विद्यार्थीमा सामान्य चिन्तन सिपका रूपमा पहिचान, वर्गीकरण, बुझाइ, प्रयोग र धारणा विकास, तुलना र व्यतिरेक जस्ता क्षमता विकासमा जोड दिएको छ ।

## अध्ययन विधि तथा प्रक्रिया

प्रस्तुत लेखमा विद्यालय तहका नेपाली भाषा पाठ्यक्रमले निर्दिष्ट गरेका विषयवस्तुका क्षेत्रहरूको शब्दात्मक विश्लेषणमा केन्द्रित रहेकाले यो लेख गुणात्मक ढाँचामा आधारित रहेको छ । यसमा तथ्य सङ्कलनको सामग्रीका रूपमा प्रलेख विश्लेषण तालिका (document analysis sheet) अनि वर्णनात्मक विधिको उपयोग गरिएको छ ।

यस लेखमा विश्लेष्य सामग्रीका रूपमा नेपाल सरकार पाठ्यक्रम विकास केन्द्र, सानोठिमी भक्तपुरबाट वि.सं. २०७६ देखि २०७८ सम्म प्रकाशित विद्यालय तह कक्षा ४-१२ का नेपाली भाषा पाठ्यक्रमहरूलाई लिइएको छ । लेखकबाट स्वनिर्मित उक्त तालिकामा कक्षागत विषयवस्तु समेटिने गरी उक्त कक्षाका पाठ्यक्रमहरूका लागि अलग अलग कोठा निर्माण गरिएको छ । पाठ्यक्रमको उपयोग गरी उक्त तालिकामा विषयवस्तुहरू उल्लेख गरेर सुरुमा कक्षागत रूपमा समेटिएका विषयवस्तु राखेर तालिका निर्माण गरिएको छ । त्यसपछि विषयवस्तुका आधारमा आधारभूत तह कक्षा ४-५, आधारभूत तह कक्षा ६-८ र माध्यमिक तह कक्षा ९-१२ गरी ३ ओटा तहमा विभाजन गरी विषयवस्तुहरू समेटिएको तालिका निर्माण गरियो । कक्षा १-३ मा एकीकृत पाठ्यक्रम रहेको हुँदा उक्त कक्षालाई सीमाको रूपमा लिई एकलपथीय (एकीकृत नभई अलग अलग) पाठ्यक्रम लागु भएका कक्षा ४-१२ का पाठ्यक्रम र उक्त पाठ्यक्रममा निर्धारण गरिएका विषयक्षेत्रलाई प्राथमिक स्रोतका सामग्री मानिएको हो । प्रलेख विश्लेषण तालिकाबाट प्राप्त ४० ओटा विषयक्षेत्रमध्ये एकअर्कामा निकट विषयक्षेत्रलाई एकीकृत गरी जम्मा १३ ओटा मुख्य विषयवस्तुका उपशीर्षक (थिम) निर्माण गरी तिनलाई विद्यालय तहका विषयवस्तु, तिनको औचित्य, सबलता र दुर्बलता समेत पहिचान गरी भाषा पाठ्यक्रमका विषयवस्तु विश्लेषणका लागि मोहन (सन् १९८६) को 'भाषा र विषयवस्तु' सम्बन्धी मान्यताहरूलाई आधार मानी व्याख्या विश्लेषण गरेर निष्कर्षमा पुगिएको छ । लेखमा विषयवस्तुको पर्याप्तता र अपर्याप्तता साथै सुधारका आधारहरू पहिचान र प्रस्तुत गरिएको छ ।

## व्याख्या तथा विश्लेषण

प्रस्तुत लेखमा विद्यालय तहका भाषा पाठ्यक्रमका प्रमुख स्तम्भहरूमध्ये विषयवस्तुको क्षेत्र र क्रमलाई मात्र यस अध्ययनका लागि चयन गरिएको छ । विद्यालय पाठ्यक्रममा समाविष्ट विषयवस्तुहरू पहिचान गरी तुलनीय रूपमा तालिकामा राखिएको छ । त्यसपछि कक्षागत रूपमा उपयोग गरिएका विषयवस्तुका थिमहरूको आवृत्ति, पर्याप्तता र समग्र थिमका आधारमा प्रतिशत गणना प्रस्तुत भएको छ । त्यसपछि पूर्व स्थापित मान्यता एवम् सिद्धान्तका आधारमा छलफल तथा व्याख्या विश्लेषण गर्ने काम भएको छ । त्यसपछि अध्येताको निष्कर्ष सहित हरेक अनुच्छेदको सङ्गठन गरिएको छ ।

**कक्षा १-३ मा समाविष्ट विषयवस्तुका क्षेत्र**

| कक्षा | कक्षा १–३ | कक्षा ४ | कक्षा ५ |
|---|---|---|---|
| विषयवस्तुको क्षेत्र | म र मेरो परिवार, मेरो दैनिक जीवन, हाम्रो समुदाय, मेरो विद्यालय, हाम्रो वातावरण, रुचि र बानी, हाम्रो संस्कृति, संचार, प्रविधि र बजार, हाम्रो क्रियाकलाप, हाम्रो वरपरको संसार | नीति, प्रकृति, लोक, सामाजिक, बाल मनोवैज्ञानिक, पौराणिक, शिक्षा, कृषि, इतिहास र संस्कृति, खेलकुद, प्रेरक जीवनी, घरायसी चिठी | देशप्रेम, सामाजिक, प्रकृतिपरक, बाल मनोविज्ञान, सञ्चार, दैनिकी, राष्ट्रिय/अन्तर्राष्ट्रिय जीवनी |

(पाविके, २०७६, २०७८)

विद्यालयमा कक्षा १-३ सम्मका नेपाली भाषा पाठ्यक्रममा विषयवस्तुका ११ ओटा थिमगत क्षेत्रहरू समावेश गरिएको छ । तीनआटै कक्षामा समान क्षेत्रबाट विषयवस्तु चयन गरिएको छ। यी विषयवस्तुहरू बालकको घर, परिवार, समुदाय आदि क्षेत्रबाट विषयवस्तुहरू समावेश गरिएको छ। यस्ता विषयवस्तुहरू बालबालिकाको रुचि र चाहनामा

पर्ने सक्ने भएकाले उपयुक्त देखिन्छन् । तल्ला कक्षामा प्रहसन, चुटकिला तथा मनोरञ्जनात्मक सामग्रीहरू समावेश गर्नु उपयुक्त देखिन्छ । कक्षा ४/५ मा प्रेरक जीवनीहरू समावेश गर्नु उपयुक्त भए पनि मनोरञ्जनपूर्ण सामग्रीमा जोड दिनुपर्ने देखिन्छ । पाठ्यक्रम निर्दिष्ट विषयवस्तुको क्षेत्रलाई हेर्दा बालकको रुचिलाई भन्दा पनि विषयवस्तु बोधमा बढी केन्द्रित रहे जस्तो देखिन्छ । भाषा र विषयवस्तु सिद्धान्त (१९८६) अनुसार यसमा भाषा सिकाइका लागि सन्दर्भलाई जोड दिएको देखिन्छ ।

**कक्षा ६-८ मा समाविष्ट विषयवस्तुका क्षेत्र**

| कक्षा | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|
| विषयवस्तुको क्षेत्र | देशभक्ति, पौराणिक, संस्कृति, घरव्यवहार, राष्ट्रिय, अन्तराष्टि अन्तराष्ट्रिय जीवनी सामाजिक, निजात्मक, बाल मनोवैज्ञानिक, कार्यालयीय, प्रकृतिपरक आदि । | देशभक्ति/ नीतिपरक, लोक, राष्ट्रिय, योग र स्वास्थ्य, घरव्यवहार, सामाजिक, निजात्मक, दैनिकी, बाल मनोविज्ञान, अन्तराष्ट्रिय, वक्तृता, नियात्रा, प्रकृतिपरक, सम्मान आदि । | देशभक्ति/श्रम, ऐतिहासिक, राष्ट्रिय, व्यावसायिक, निजात्मक, सामाजिक, संवाद, वाणिज्य, बाल मनोविज्ञान,अन्तराष्ट्रिय, प्रकृतिपरक, यात्रा वर्णन, पत्रकारिता आदि । |

(पाविके, २०७७)

उक्त कक्षामा विषयवस्तुगत विविधता पाइन्छ । जुन कुरा बेकट र गोन्जालेज (सन् २००४) का विचारसँग मेल खान जान्छ, तर जीवनी विधाका हकमा चाहिँ स्पष्ट क्षेत्र किटान गरेर नदिई राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्र मात्र तोक्दा पाठ्यपुस्तकमा कुनै विषयको बढी पुनरावत्ति र कुनै विषय छुट्न जाने सम्भावना देखिन्छ । त्यस्तै व्यावहारिक लेखनमा पनि विषयवस्तुको क्षेत्र नतोकिँदा पुनरावृत्तिको गुन्जायस बाँकी नै छ । संवाद विधामा पनि विषयवस्तु निर्धारण गरिएको छैन । कविता विधामा देशभक्तिपरक कविता र नीतिपरक कवितालाई हरेक कक्षामा विकल्पका रूपमा राख्दा कुनै एउटा विषयवस्तु छुट्न सक्ने देखिन्छ । कक्षा ६-८ मा सामाजिक विषयवस्तुलाई बढी जोड दिइएको पाइन्छ। संवाद, मनोवाद, दैनिकी जस्ता विषयको क्षेत्र तोकिएको छैन । कक्षा ७ मा देशभक्ति र नीतिलाई विकल्पमा राखिएको छ भने ८ कक्षामा देशभक्ति र श्रमलाई विकल्पमा राखिएको छ । श्रमप्रति आस्था जगाउने विषयवस्तुलाई यसरी विकल्पमा राख्नु उपयुक्त मान्न सकिँदैन । यसरी विषयवस्तुगत विविधता हुँदाहुँदै पनि तिनको सन्तुलन चाहिँ ख्याल गर्नुपर्ने देखिएको छ ।

**कक्षा ९-१२ मा समाविष्ट विषयवस्तुका क्षेत्र**

| कक्षा | कक्षा ९ | कक्षा १० | कक्षा ११ | कक्षा १२ |
|---|---|---|---|---|
| विषयवस्तुको क्षेत्र | प्रकृतिपरक, सामाजिक, कृषि, कार्यालयीय, राष्ट्रिय, वाणिज्य/पर्यावरण, लोक, देशप्रेम, नियात्रा, वक्तृता, अन्तराष्ट्रिय, संस्कृति, समाज/श्रम, बाल मनोविज्ञान, | नीतिचेतना, ऐतिहासिक/ पौराणिक, वस्तुपरक चिकित्सा, मनोवाद, राष्ट्रिय, वादविवाद, मनोवैज्ञानिक, श्रम/संस्कृति, कानुन/शिक्षा, व्यावसायिक, अन्तरराष्ट्रिय,हास्यव्यङ्ग्य, सांस्कृतिक/ सामाजिक, समाज/मानव मूल्य, सामाजिक | देशभक्ति, सामाजिक, सांस्कृतिक, राष्ट्रिय, घरायसी, मनोवैज्ञानिक, प्राकृतिक, सामाजिक/ मनोवैज्ञानिक, स्वास्थ्य, योग तथा चिकित्सा, कृषि, वन तथा वातावरण, पर्यटन, जलस्रोत र ऊर्जा, | सामाजिक, ऐतिहासिक/ पौराणिक/ सांस्कृतिक, नियात्रा, व्यावहारिक, सामाजिक, अन्तरराष्ट्रिय, सामाजिक/सांस्कृतिक, समाज मनोवैज्ञानिक, सञ्चार, विज्ञान तथा प्रविधि, समाज, संस्कृति र शिक्षा, कानुन, प्रशसन र व्यवस्थापन, अर्थ, उद्योग र वाणिज्य, |

(स्रोत पाविके, २०७८)

उक्त कक्षाका विषयवस्तुहरूमा विविधता पाइन्छ। जुन कुरा मोहन (सन् १९८६) को भाषा र विषयवस्तु सिद्धान्तसँग मेल खाने देखिन्छ। यसमा उल्लेख भएअनुसार विद्यार्थीका सामान्य चिन्तन सिप विकासमा विषयवस्तु केन्द्रित गर्न चाहिँ क्षेत्रगत स्पष्टता अझ आवश्यक हुन्छ। कक्षामा कक्षा ९-१२ मा समावेश गरिएका विषयवस्तुहरू उस्तै उस्तै प्रकृतिका रहेकाले तिनमा क्षेत्रगत विविधता र सन्तुलन आवश्यक छ :

माथिको छलफलका आधारमा भन्नुपर्दा विद्यालय तहका पाठ्यक्रममा विषयवस्तुको क्षेत्रगत पर्याप्तता रहे पनि समान क्षेत्रभित्रका विषयवस्तुको पुनरावृत्ति कम गरी उपयोगगत विविधतामा ध्यान दिनुपर्ने देखिन्छ। रूपक विधाका सन्दर्भमा विषयवस्तुको क्षेत्र निर्धारणमा एकरूपता पाइँदैन। कक्षा ४ मा खेलकुद क्षेत्रको विषयवस्तु तोकेर संवाद विधा राखिएको छ भने त्यो कुरा कक्षा ६, ८ का संवादमा विषयक्षेत्र तोकिएको छैन। कक्षा १० को वादविवादमा पनि विषय क्षेत्र तोकिएको छैन। कक्षा ५, ७ को दैनिकीमा, कक्षा ८ र १० का मनोवाद, दैनिकी आदिमा विषयवस्तु तोकिएको छैन। कक्षा ७ र ९ का वक्तृतामा विषयवस्तु तोकिएको छैन। तर कक्षा १२ मा चाहिँ जलस्रोत र ऊर्जा विषय तोकेर वक्तृता समावेश गरिएको छ। त्यस्तै कविता विधामा कतै विषयवस्तु तोकिएको छ भने कक्षा ४ मा गीति भनेर लय मात्र निर्देश गरिएको छ। कक्षा ६ को निबन्धलाई पनि निजात्मक मात्र भनिएको छ। पाठ्यक्रम निर्माण गर्दा यस्ता कुरामा ख्याल गर्नुपर्ने देखिन्छ।

**विषयवस्तु उपयोग**

विद्यालय तहका भाषा पाठ्यक्रमका विषयवस्तुका क्षेत्रको उपयोगलाई निम्नानुसार विश्लेषण गरिएको छ :

विद्यालय तह (कक्षा ४-१२) का नेपाली भाषा पाठ्यक्रममा कक्षा ४-५ मा ३० ओटा विषयवस्तुका क्षेत्र, कक्षा ६-८ मा ४५ ओटा विषयवस्तुका क्षेत्र तथा कक्षा ९-१२ का लागि ७६ ओटा विषयवस्तुका

क्षेत्रहरू गरी विद्यालय तह कक्षा ४-१२ मा १५१ ओटा विषयवस्तुहरू निर्धारण गरेको छ । उक्त विषयवस्तुहरू भित्रबाट कक्षा ४ र ५ मा १५/१५ ओटा पाठ, कक्षा ६ मा १६ ओटा पाठ, कक्षा ७ र ८ मा १७/१७ ओटा पाठ, कक्षा ९ मा १६ ओटा पाठ, कक्षा १० मा १७ ओटा पाठ, कक्षा ११ र १२ मा १२/१२ ओटा पाठ गरी १३७ ओटा पाठहरू विद्यालय तहका नेपाली भाषा पाठ्यपुस्तकहरूमा निर्दिष्ट गरिएका छन् । विद्यालय तहमा समाज, संस्कृति, इतिहास, पुराण, नीतिचेतना, देशभक्ति, लोकसाहित्य, कला, श्रम, शिक्षा, सञ्चार, प्रकृति, कृषि, पत्रकारिता, अर्थ, उद्योग, पर्यटन, वाणिज्य, कानुन, प्रशासन, व्यवस्थापन, पर्यटन, विज्ञान, प्रविधि, चिकित्सा, योग, स्वास्थ्य, जलस्रोत, ऊर्जा, वन, पर्यायवरण, हास्यव्यङ्ग्य, घरव्यवहार, मनोविज्ञान, खेलकुद, नियात्रा, राष्ट्रिय र अन्तराष्ट्रिय व्यक्तित्व, मानवमूल्य गरी ४० ओटा विषय क्षेत्रका विषयवस्तुहरू शिक्षण गर्ने गरिएको छ । भाषा पाठ्यपुस्तकमा यसरी विविध क्षेत्रबाट विषयवस्तुहरूको संयोजन गर्नु अत्यन्त प्रभावकारी हुने देखिन्छ । मोहन (सन् १९८६), घिमिरे (२०७६), बर्गोस र रुसेल (सन् २०२५) आदिमा उल्लेख भएअनुसार भाषिक सिपसँग उक्त विषयवस्तुलाई बढीभन्दा बढी मात्रामा एकीकृत गरी विषयवस्तु प्रस्तुत गर्नु अझ प्रभावकारी हुने देखिन्छ । विद्यालय तहमा उपयोग गरिएका विषयवस्तुका प्रमुख क्षेत्रहरूलाई निम्नानुसार थिममा एकीकृत गरी प्रस्तुत गरिएको छ ।

**नीतिपरक :** बालबालिकाहरूलाई नैतिक मूल्यमान्यता सदाचार, अनुशासन तथा सत्कर्ममा लाग्न उत्प्रेरित गर्न नैतिक मूल्यमान्यता सम्बद्ध विषयवस्तुहरूको महत्त्वपूर्ण भूमिका रहन्छ । कक्षा ४-५ मा एउटा, कक्षा ६-८ मा दुईओटा र कक्षा ९-१२ मा एउटा गरी वर्तमान कक्षा ४-१२ का नेपाली भाषा पाठ्यपुस्तकमा जम्मा ४ ओटा विषयवस्तुहरू रहेका छन् । विद्यालय तह कक्षा ४-१२ का कुल विषयवस्तु सङ्ख्याको अनुपातमा यो सङ्ख्या २.६५ प्रतिशत हुन आउँछ । नैतिक मूल्यमान्यता सम्बद्ध विषयवस्तु प्रयोगका दृष्टिले यो सङ्ख्या न्यून रहेको देखिन्छ ।

**देशभक्ति :** बाल बालिकामा देशप्रतिको माया, सद्भाव तथा देशप्रेमको भाव जगाउन विद्यालयका भाषा पाठ्यपुस्तकमा देशभक्तिपूर्ण रचनाहरू समावेश गरिन्छन् । भाषा पाठ्यपुस्तकमध्ये ४-५ मा १, कक्षा ६-८ मा ३ र कक्षा ९-१२ मा २ ओटा गरी वर्तमान कक्षा ४-१२ का नेपाली भाषा पाठ्यपुस्तकमा जम्मा ६ ओटा विषयवस्तुहरू रहेका छन् । विद्यालय तह कक्षा ४-१२ का कुल विषयवस्तु सङ्ख्या १५१ को अनुपातमा यो सङ्ख्या ३.९७ प्रतिशत हुन आउँछ, जुन पर्याप्त होइन ।

**सामाजिक :** बहुभाषिक समाजमा सामाजिक सद्भाव, सहकार्य, सहअस्तित्वका लागि सामाजिक विषयवस्तुहरू पाठ्यपुस्तकमा समावेश गरिएका हुन्छन् । नेपाली भाषा पाठ्यपुस्तकमध्ये ४-५ मा ५ ओटा, कक्षा ६-८ मा ८ ओटा र कक्षा ९-१२ मा १३ ओटा गरी वर्तमान कक्षा ४-१२ का नेपाली भाषा पाठ्यपुस्तकमा जम्मा २६ ओटा विषयवस्तुहरू रहेका छन् । विद्यालय तह कक्षा ४-१२ का कुल विषयवस्तु सङ्ख्या १५१ को अनुपातमा यो सङ्ख्या १७.२२ प्रतिशत हुन आउँछ । यस दृष्टिले हेर्दा विद्यालय तहका नेपाली भाषा पाठ्यपुस्तकहरूमा सामाजिक विषयवस्तुहरूलाई बढी महत्त्व दिएको पाइन्छ ।

**मनोवैज्ञानिक :** बालबालिकाको मनोविज्ञान अनुसारका विषयवस्तु भएमा उनीहरूका लागि रुचिपूर्ण हुनुका साथै बालबालिकालाई स्वाध्ययनप्रति समेत अभिप्रेरित गर्न सकिन्छ । विद्यालय तहका पाठ्यपुस्तकमा यस्ता विषयवस्तुहरू समावेश हुनु आवश्यक हुन्छ । वर्तमान नेपाली भाषा पाठ्यपुस्तकमध्ये ४-५

मा २ ओटा, कक्षा ६-८ मा ३ ओटा र कक्षा ९-१२ मा ५ ओटा गरी वर्तमान कक्षा ४-१२ का नेपाली भाषा पाठ्यपुस्तकमा जम्मा १० ओटा विषयवस्तुहरू रहेका छन् । विद्यालय तह कक्षा ४-१२ का कुल विषयवस्तु सङ्ख्या १५१ को अनुपातमा यो सङ्ख्या ६.६२ प्रतिशत हुन आउँछ । मनोवैज्ञानिक विषयवस्तुहरू उमेरअनुसार पनि फरक फरक हुने भएकाले विद्यालय तहका भाषा पाठ्यपुस्तकहरूमध्ये कक्षा ४-५ र कक्षा ६-८ मा बालमनोवैज्ञानिक विषयवस्तुहरू समावेश भएका छन् भने कक्षा ९-१२ मा मनोवैज्ञानिक र समाज मनोवैज्ञानिक विषयवस्तु समेटिएका छन् । मनोवैज्ञानिक विषयक्षेत्रका विषयवस्तु प्रयोगका दृष्टिले पाठ्यपुस्तकहरू उपयुक्त देखिन्छन् ।

**ऐतिहासिक/पौराणिक :** विद्यार्थीलाई इतिहास, पुराण आदिका विषयवस्तुबाट उनीहरूलाई विगतका ऐतिहासिक घटना तथा धर्मग्रन्थ आदिका माध्यमबाट मनोरञ्जनका साथै विगतप्रति आस्थाभाव जगाउने उद्देश्य राखिन्छ । नेपाली भाषा पाठ्यपुस्तकमध्ये ४-५ मा ऐतिहासिक र पौराणिक १/१ ओटा, कक्षा ६-८ मा १/१ ओटा गरी २ ओटा र कक्षा ९-१२ मा १/१ ओटा गरी २ ओटा विषयवस्तुहरू गरेर कक्षा ४-१२ का नेपाली भाषा पाठ्यपुस्तकमा जम्मा ६ ओटा विषयवस्तुहरू रहेका छन् । विद्यालय तह कक्षा ४-१२ का कुल विषयवस्तु सङ्ख्या १५१ को अनुपातमा यो सङ्ख्या ३.९७ प्रतिशत हुन आउँछ । यसरी हरेक तहमा एउटा ऐतिहासिक र एउटा पौराणिक विषयवस्तु समावेश गरेर सन्तुलन कायम गर्न खोजिएको कुरा सामान्यतः उपयुक्त नै मान्न सकिन्छ ।

**प्रकृतिपरक :** विद्यार्थीहरूलाई प्राकृतिक विविधता तथा प्रकृतिपदत्त विषयवस्तुको जानकारी प्रदान गर्न यस्ता विषयवस्तुहरू पाठ्यपुस्तकमा समावेश गरिएका हुन्छन् । विद्यालय तहका नेपाली भाषा पाठ्यपुस्तकमध्ये ४-५ मा २ ओटा, कक्षा ६-८ मा ४ ओटा र कक्षा ९-१२ मा २ ओटा गरी वर्तमान कक्षा ४-१२ का नेपाली भाषा पाठ्यपुस्तकमा जम्मा ८ ओटा विषयवस्तुहरू रहेका छन् । विद्यालय तह कक्षा ४-१२ का कुल विषयवस्तु सङ्ख्या १५१ को अनुपातमा यो सङ्ख्या ५.३ प्रतिशत हुन आउँछ । यसरी पाठ्यक्रमहरूमा १/१ ओटा प्रकृतिपरक रचना समावेश गरिनु सामान्यतः ठिकै मान्न सकिन्छ ।

**श्रम तथा सांस्कृतिक :** विद्यार्थीहरूलाई विभिन्न जातजाति, भाषाभाषी समुदायका रहनसहन, जीवनशैली धार्मिक विश्वास आदि विभिन्न विषयवस्तुहरूका माध्यमबाट भाषिक सिपका साथै विषयवस्तु बोधका लागि सांस्कृतिक विषयवस्तुहरूको शिक्षण गर्ने गरिन्छ। नेपाली भाषा पाठ्यपुस्तकमध्ये ४-५ मा २ ओटा, कक्षा ६-८ मा संस्कृतिसम्बद्ध १, श्रमसम्बद्ध १ गरी २ ओटा र कक्षा ९-१२ मा संस्कृतिसम्बद्ध ७ र श्रमसम्बद्ध २ ओटा गरी ९ ओटा विषयक्षेत्रहरू गरेर वर्तमान कक्षा ४-१२ का नेपाली भाषा पाठ्यपुस्तकमा जम्मा १३ ओटा सांस्कृतिक विषयवस्तुहरू रहेका छन् । विद्यालय तह कक्षा ४-१२ का कुल विषयवस्तु सङ्ख्या १५१ को अनुपातमा यो सङ्ख्या ८.६१ प्रतिशत हुन आउँछ । अर्थात् विद्यालय तह पार गर्दा विद्यार्थीले १३ ओटा संस्कृतिसम्बद्ध विषयवस्तु अध्ययन गर्ने अवसर प्राप्त गर्छन् । यस आधारमा हेर्दा तल्ला कक्षामा सांस्कृतिक विषयवस्तुहरू कम मात्रामा प्रयोग गरिएका भए पनि माथिल्ला कक्षा ९-१२ मा चाहिँ पर्याप्त मात्रामा यस्ता विषयवस्तुहरू रहेको देखिन्छ ।

**लोक साहित्य :** मनोरञ्जनपूर्ण अभिव्यक्तिले भरिपूर्ण लोक साहित्यका विषयवस्तुहरू पाठ्यपुस्तकमा समावेश गर्ने गरिन्छ । जसबाट विद्यार्थीहरू मनोरञ्जनका साथै अध्ययनप्रति अभिप्रेरित हुने गर्छन् । विद्यालय तहका वर्तमान नेपाली भाषा पाठ्यपुस्तकमध्ये ४-५ मा १ ओटा, कक्षा ६-८ मा

१ ओटा र कक्षा ९-१२ मा १ ओटा गरी वर्तमान कक्षा ४-१२ का नेपाली भाषा पाठ्यपुस्तकमा जम्मा ३ ओटा विषयवस्तुहरू रहेका छन् । विद्यालय तह कक्षा ४-१२ का कुल विषयवस्तु सङ्ख्या १५१ को अनुपातमा यो सङ्ख्या १.९९ प्रतिशत हुन आउँछ। लोक साहित्यका विषयवस्तुहरू रोचक हुनुका साथै ज्ञानवर्द्धक समेत हुने भएकाले यस्ता विषयवस्तुहरू तल्ला कक्षामा अझ बढी मात्रामा समावेश गर्नु प्रभावकारी हुने देखिन्छ ।

**प्राविधिक :** कुनै खास विषय क्षेत्रका विषयवस्तु तथा उक्त क्षेत्रका शब्दभण्डारको विकासका लागि विद्यालय तहमा विभिन्न विषय क्षेत्रसम्बन्धी पाठहरू समावेश गर्ने गरिन्छ । विद्यालय तहका वर्तमान नेपाली भाषा पाठ्यपुस्तकमध्ये ४-५ मा कृषि, शिक्षा, खेलकुद, सञ्चार, कला र स्वास्थ्य विषय क्षेत्रका १/१ ओटा गरी ६ ओटा, कक्षा ६-८ मा कला, योग, स्वास्थ्य, वाणिज्य, पत्रकारिता जस्ता विषयक्षेत्रका १/१ ओटा गरी ५ ओटा र कक्षा ९-१२ मा चिकित्सा, अर्थ, उद्योग, वाणिज्य, जलस्रोत, ऊर्जा, सञ्चार, विज्ञान तथा प्रविधि, स्वास्थ्य, योग तथा चिकित्सा, कृषि, वन तथा वातावरण, पर्यटन, पर्यायवरण, प्रशासन, व्यवस्थापनका १/१ ओटा अनि शिक्षा र कानुन क्षेत्रका २/२ ओटा गरी २० ओटा विषय क्षेत्रहरूको प्रतिनिधित्व हुने गरी वर्तमान कक्षा ४-१२ का पाठ्यपुस्तकमा जम्मा ३१ ओटा विषयवस्तुहरू रहेका छन् । विद्यालय तह कक्षा ४-१२ का कुल विषयवस्तु सङ्ख्या १५१ को अनुपातमा यो सङ्ख्या २०.५३ प्रतिशत हुन आउँछ। यसलाई आधार मान्दा प्राविधिक विषयक्षेत्रसम्बद्ध विषयवस्तुहरू पर्याप्त मात्रामा उपयोग भएका देखिन्छन् । यस्ता विषयवस्तुहरू कक्षा ९-१२ मा विशेष जोड दिएर समावेश गरिएको पाइन्छ ।

**पत्ररचना :** विद्यालय तहमा विद्यार्थीहरूलाई विभिन्न घरायसी, कार्यालयीय तथा विभिन्न व्यावहारिक विषयवस्तुसँग सम्बन्धित ज्ञान तथा प्रयोगपरक सुझ विकासका लागि यस्ता विषयवस्तुहरू समावेश गरिन्छन् । नेपाली भाषा पाठ्यपुस्तकमध्ये ४-५ मा पत्रलेखनसँग सम्बन्धित घरायसी चिठी २ र निवेदन १ ओटा गरी ३ ओटा, कक्षा ६-८ मा घरायसी चिठी २, निवेदन र व्यावसायिक चिठी १/१, सम्मानपत्र १ ओटा गरी ५ ओटा र कक्षा ९-१२ मा घरायसी १ ओटा, व्यावसायिक २ र कार्यालयीय २ ओटा गरी जम्मा ५ ओटा पत्ररचनाका विषयवस्तुसमेत वर्तमान कक्षा ४-१२ का नेपाली भाषा पाठ्यपुस्तकमा जम्मा १३ ओटा विषयवस्तुहरू रहेका छन् । विद्यालय तह कक्षा ४-१२ का कुल विषयवस्तु सङ्ख्या १५१ को अनुपातमा यो सङ्ख्या ८.६१ प्रतिशत हुन आउँछ। पत्ररचनाका विषयवस्तु हेर्दा घरायसी चिठीमा विशेष जोड दिइएको छ । यस्ता घरायसी चिठीको सट्टामा सूचना र प्रविधिको विकाससँगै फोन, म्यासेज, इमेल आदिलाई स्थान दिनु अनि अन्य व्यावहारिक तथा व्यावसायिक लेखनमा जोड दिनु उपयुक्त हुन्छ ।

**जीवनी :** विद्यार्थीमा विभिन्न विधामा सफल र प्रेरक व्यक्तित्वहरूको जीवनीसम्बद्ध विषयवस्तु प्रस्तुत गरी सत्प्रेरणा जगाउने उद्देश्यले भाषा पाठ्यक्रममा जीवनीका विषयवस्तुहरू समावेश गरिन्छन् । पाठ्यपुस्तकमध्ये ४-५ मा २ ओटा राष्ट्रिय जीवनी, कक्षा ६-८ मा राष्ट्रिय र अन्तर ाष्ट्रिय ३/३ ओटा अनि कक्षा ९-१२ मा राष्ट्रिय र अन्तराष्ट्रिय ३/३ ओटा जीवनी गरी वर्तमान कक्षा ४-१२ का नेपाली भाषा पाठ्यपुस्तकमा जम्मा १४ ओटा विषयवस्तुहरू रहेका छन् । विद्यालय तह कक्षा ४-१२ का कुल विषयवस्तु सङ्ख्या १५१ को अनुपातमा यो सङ्ख्या ९.२७ प्रतिशत हुन आउँछ । विद्यालयका हरेक कक्षाका पाठ्यक्रममा जीवनीसम्बद्ध विषयवस्तु समावेश गरिनु अनि तल्ला कक्षामा राष्ट्रिय व्यक्तित्वलाई र माथिल्ला कक्षामा राष्ट्रिय तथा अन्तरराष्ट्रिय व्यक्तित्वका जीवनीहरू समावेश गरिनु सबल पक्ष हो । तथापि,

जीवनी विधामा विषयक्षेत्र निर्धारण नगरिनु चाहिँ पाठ्यक्रमको दुर्बल पक्ष मान्न सकिन्छ । जीवनीभित्र खेलकुद, साहित्य, विज्ञान, राजनीति, समाजसेवा, विशेष शारीरिक अवस्था आदि विभिन्न विषयक्षेत्रहरूको सन्तुलित प्रतिनिधित्वका लागि क्षेत्र निर्धारण गर्नु आवश्यक देखिन्छ ।

**यात्रा वर्णन तथा संस्मरणजन्य :** बालबालिकामा विषयवस्तुको सिलसिलाबद्ध वर्णन गर्ने, स्वतन्त्र र सिर्जनात्मक लेखन सिप विकास गर्न प्रभावकारी विषयक्षेत्रका रूपमा नियात्रा वा यात्रा वर्णनसम्बद्ध विषयवस्तुहरू समावेश गरिन्छन् । नेपाली भाषा पाठ्यक्रममा निबन्ध विधाअन्तर्गत यात्रा वर्णनलाई समावेश गरिएको पाइन्छ । पाठ्यपुस्तकमध्ये ४-५ मा १ ओटा यात्रा वर्णन र १ ओटा संस्मरण, कक्षा ६-८ मा २ ओटा यात्रा वर्णन र कक्षा ९-१२ मा २ ओटा यात्रा वर्णन गरी वर्तमान कक्षा ४-१२ का नेपाली भाषा पाठ्यपुस्तकमा जम्मा ६ ओटा विषयवस्तुहरू रहेका छन् । विद्यालय तह कक्षा ४-१२ का कुल विषयवस्तु सङ्ख्या १५१ को अनुपातमा यो सङ्ख्या ३.९७ प्रतिशत हुन आउँछ। देखेका, भोगेका तथा जीवनमा प्रत्यक्ष अनुभव गरेका विषयवस्तुहरू विद्यार्थीको अभिव्यक्ति क्षमता विकासका लागि प्रभावकारी हुने हुँदा भाषा शिक्षणमा नियात्रा तथा दैनिकी विधाको अहम् महत्त्व रहन्छ । तर पनि विद्यालय तहका भाषा पाठ्यक्रममा तिनको विषयक्षेत्र स्पष्ट हुन सकेको भए अझ प्रभावकारी हुनुका साथै कुनै विषयवस्तु पुनरावृत्ति हुने तथा कुनै विषयवस्तु छुट्न जाने कुरा नभई विषय सन्तुलित वितरणमा सहयोग पुग्ने देखिन्छ ।

**मानवमूल्य र हास्यव्यङ्ग्य :** बालबालिकामा मानवीय मूल्यमान्यताबारे जानकारी प्रदान गर्न तथा उनीहरूमा दयामायाको भाव जगाउन अनि उनीहरूमा मनोरञ्जनका साथै नराम्रा प्रवृत्तिहरू हटाई सकारात्मक भाव जगाउन पनि यस्ता विषयवस्तु भाषा पाठ्यक्रममा समावेश गर्ने गरिन्छ । विद्यालय तहका पाठ्यपुस्तकमा यस्ता विषयवस्तुको प्रायः अभाव देखिन्छ । कक्षा ४-८ मा यस्ता विषयवस्तुहरू समावेश भएका देखिँदैनन् भने कक्षा ९-१२ मा १ ओटा मानवमूल्य र १ ओटा हास्यव्यङ्ग्य गरी २ ओटा विषयवस्तु मात्र समावेश भएका छन् । विद्यालय तह कक्षा ४-१२ का कुल विषयवस्तु सङ्ख्या १५१ को अनुपातमा यो सङ्ख्या १.३३ प्रतिशत हुन आउँछ । विद्यार्थीमा संवेगात्मक भाव विकासमा समेत यस्ता विषयवस्तुहरूको महत्त्वपूर्ण भूमिका रहने भएकाले यस्ता सामग्रीहरू प्राथमिकताका साथ पाठ्यक्रममा समावेश गर्नु प्रभावकारी हुने देखिन्छ ।

उक्त विषयवस्तुबाहेक सबै तहमा गरी माथि उल्लिखित विषयवस्तुसँग एकीकृत रूपमा रहेका विषयक्षेत्रहरू ९ ओटा अर्थात् ५.९६ प्रतिशत गरी कुल विषयवस्तुहरू रहेका छन् । पाठ्यक्रममा विष्यवस्तुहरू राख्दा अलग अलग नै प्रस्तुत गर्दा पाठ्यपुस्तक लेखनमा पुनरावृत्ति र विषयवस्तु छुट्ने सम्भावनाबाट मुक्त हुन सक्ने देखिन्छ ।

## प्राप्ति तथा निष्कर्ष

विद्यालय तह कक्षा ४-१२ का नेपाली भाषा पाठ्यक्रममा जम्मा जम्मी १५१ ओटा विषयवस्तुहरू र १३७ ओटा पाठहरू निर्धारण भएको देखिन्छ । विषयवस्तुको पुनरावृत्तिलाई गणना नगर्दा अर्थात् अनावृत्त विषयवस्तुहरू चाहिँ ४० प्रकारका रहेका देखिन्छन् । सबैभन्दा बढी सामाजिक विषयवस्तुहरू रहेका छन् । तहगत रूपमा विषयवस्तुमा विधाअनुरूप विषयवस्तुहरू क्रमिक रूपमा राखिएका छन् । नेपाली भाषा पाठ्यक्रममा विषयवस्तुगत विविधता पाइन्छ । केही विधामा चाहिँ विषय क्षेत्रको स्पष्ट किटान हुन सकेको छैन । समाजिक विषयवस्तुहरू सबैभन्दा बढी उपयोग गरिएका छन् ।

विद्यालय तहका नेपाली भाषा पाठ्यक्रममा विषयवस्तुगत विविधता रहेको छ । पाठ्यक्रममा विधागत र विषयवस्तुगत पर्याप्तता पाइन्छ । तल्ला र माथिल्ला कक्षामा विधागत पाठहरू उत्तरोत्तर विकास भएको देखिन्छ। सामाजिक, श्रम संस्कृति, प्रयोजनपरक विषय, आदि विषयवस्तु पर्याप्त रहनु सबल पक्ष पहिचान भएको छ। उक्त भाषा पाठ्यक्रमहरूमा मनोवैज्ञानिक, प्रकृतिपरक आदि विषयवस्तुमा विविधता पाइनु उपयुक्त मान्न सकिन्छ । तथापि, देशभक्ति, नीतिपरक विषयवस्तुको न्यूनता भाषा पाठ्यक्रममा रहनु भने अपेक्षित होइन। व्यावहारिक लेखनका विषयवस्तुमा विविधता आवश्यक देखिन्छ। ऐतिहासिक/पौराणिक विषयवस्तुलाई विकल्पमा राखिँदा विषयवस्तु उपयोगमा सन्तुलन बिग्रन गएको छ । लोक साहित्यबाट विषयवस्तु उपयोगमा ध्यान दिनु आवश्यक हुन्छ । जीवनी, संस्मरण, नियात्रा तथा रूपक विधाका विषयवस्तुमा थप स्पष्टीकरण आवश्यक महसुस हुन्छ । समग्रमा विषयवस्तु प्रयोगका दृष्टिले विद्यालय तहका नेपाली भाषा पाठ्यक्रमहरू सन्तुलित नै रहेको देखिन्छ।

## सन्दर्भ सामग्री


खनिया, बुद्धराज (सन् २०२३), स्नातक अनिवार्य नेपाली पाठ्यक्रमको मूल्याङ्कन, *मर्स्याङ्दी जर्नल,* भोलुम (४-५), ८९-९८ ।

गिरी, तिलकदेव (सन् २०१४), वर्तमान माध्यमिक नेपाली भाषा पाठ्यक्रमका विविध पक्षको पुनरावलोकन, *टिएमसी जर्नल,* ८२-१०४ ।

घिमिरे, दिनेश (२०७६), *ऐतिहासिक र वर्तमान परिप्रेक्ष्यमा नेपाली भाषा पाठ्यपुस्तक,* (अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध), शिक्षाशास्त्र सङ्काय, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

घिमिरे, दिनेश (सन् २०२२), सक्षमता र एकीकृतताका दृष्टिले कक्षा एकको नेपाली भाषा पाठ्यक्रम (२०७६) को विश्लेषण, *मर्स्याङ्दी जर्नल,* वर्ष ३ (१), १३-२१ ।

घिमिरे, दिनेश (२०८१), *सैद्धान्तिक आलोकमा विद्यालयीय नेपाली भाषा पाठ्यपुस्तक,* सनलाइट पब्लिकेसन ।

ढुङ्गाना, बाबुराम (२०७९, मङ्सिर १३), *विद्यालय तहको पाठ्यपुस्तक लेखनः सिद्धान्त र व्यवहार,* प्रशासन एक्सक्लुसिभ ।

तिमल्सेना, शिवप्रसाद (२०८०), आधारभूत तहका नेपाली पाठ्यक्रममा विषयवस्तु र विधागत विविधता, *सम्प्रेषण,* ८(८), ६१-७१ ।

पाठ्यक्रम विकास केन्द्र (पाविके) (२०७६), *आधार भूत तह (कक्षा १-३) को पाठ्यक्रम,* नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय ।

पाठ्यक्रम विकास केन्द्र (२०७७), *आधारभूत शिक्षा पाठ्यक्रम (कक्षा ६-८),* अनिवार्य विषयहरू, नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय ।

पाठ्यक्रम विकास केन्द्र (२०७८), *माध्यमिक शिक्षा पाठ्यक्रम (कक्षा ११-१२),* अनिवार्य विषय, नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय ।

पाठ्यक्रम विकास केन्द्र (२०७८), *आधारभूत शिक्षा पाठ्यक्रम (कक्षा ४-५),* अनिवार्य विषयहरू, नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय ।

पाठ्यक्रम विकास केन्द्र (२०७८), *माध्यमिक शिक्षा पाठ्यक्रम (कक्षा ९-१०),* अनिवार्य विषयहरू, नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय ।

शर्मा, केदारप्रसाद र पौडेल, माधवप्रसाद (२०६०), *नेपाली भाषा र साहित्य शिक्षण,* न्यु हिरा बुक्स इन्टरप्राइजेज ।

Beckett, G.H., and Gonzalez, V. (2004). Content-Based ESL Writing Curriculum:

A Language Socialization Model. *NABE Journal of Research and Practice.* 2(1). 161-175.

Bolat, Y., and Gencoglu, S. D. (2014). *International Journal of Contemporary Education Research*. Vol. 11. No. 1, 36-54.

Burgos, E.G. (2025). Content and Language Integration in Chilean English Teacher Education Curriculum Maps. *MEXTESOL Journal,* Vol. 49. No. 2, 1-9.

Lee, J. and Zuilkowski, S.S. (2022). I can teach what's in the book: Understanding the why and how behind teachers' implementation of a social emotional learning (SEL) focused curriculum in Rural Malawi. *British Journal of Educational Psychology.* 92, 974-993.

Macalister, J. and Nation, I.S.P. (2020). *Language Curriculum Design.* Routledge.

McLaren, N., and Madrid, D. (2004). The Foreign Language Curriculum, Madrid, D. and McLaren, N. (eds): *TEFL in Primary Education.* Editorial Universidad de Grandada, PP. 144-176.

Mohan, B.A. (1986). *Language and Content.* University of Michigan, Addition Wesley.

Nepal Health Research Council (NHRC) (2022). *National Ethical Guidelines for Health Research in Nepal.* NHRC.

Pamungkas, O. Y., Ariantoni., Sulhi., Muhdari, M. S., & Setyono, H. (2025). Local Curriculum, Global Challenges: A Critical Analysis of Indonesian Senior High School Language Textbooks through the Lens of Genre Pedagogy, Bloom’s Taxonomy, and the CLIL Framework. *Educational Process: International Journal, 17*, e2025401. https://doi.org/10.22521/edupij.2025.17.401